**बैठक संख्या : ६३**

आज मिति २०८३/०१/२१ गते काठेखोला गाउँपालिकाका कार्यवाहक अध्यक्ष श्री तेज बहादुर थापा ज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्न बमोजिमको उपस्थिति र देहाय बमोजिम निर्णय भयो ।

उपस्थिति :-

| हस्ताक्षर | क्रसं. | नाम थर | पद |
|---|---|---|---|
| | १. | श्री तेज बहादुर थापा | कार्यवाहक अध्यक्ष |
| | २. | श्री खडक बहादुर थापा | वडा अध्यक्ष वडा नं. १ |
| | ३. | श्री विद्यापति शर्मा | वडा अध्यक्ष वडा नं. २ |
| | ४. | श्री कुल बहादुर वि.क. | वडा अध्यक्ष वडा नं. ३ |
| | ५. | श्री लक्ष्मण पुन | वडा अध्यक्ष वडा नं. ४ |
| | ६. | श्री ज्ञामनाथ कँडेल | वडा अध्यक्ष वडा नं. ५ |
| | ७. | श्री वृहस्पति शर्मा | वडा अध्यक्ष वडा नं. ६ |
| | ८. | श्री प्रेम बहादुर जि.सी. | वडा अध्यक्ष वडा नं. ७ |
| | ९. | श्री प्रमानन्द कँडेल | वडा अध्यक्ष वडा नं. ८ |
| | १०. | श्री टिका संगम वि.क. | कार्यपालिका सदस्य |
| | ११. | श्री भूमा देवी पुन | कार्यपालिका सदस्य |
| | १२. | श्री सुन्तली वि.क. | कार्यपालिका सदस्य |
| | १३. | श्री पूर्णमाया सुनार | कार्यपालिका सदस्य |
| गीता | १४. | श्री गिता देवी वि.क. | कार्यपालिका सदस्य |
| | १५. | श्री देवी थापा मगर | कार्यपालिका सदस्य |
| | १६. | श्री मुक्ति पौडेल | सदस्य सचिव एबं प्रमुख प्रशासकीय अधिकृत |

अन्य उपस्थितिः-

| हस्ताक्षर | क्रसं. | नाम थर | पद |
|---|---|---|---|
| | १. | श्री डिल्ली प्रसाद शर्मा | ले.अ. |
| | २. | श्री मनोज कार्की | प्रशासन प्रमुख |
| | | | |

वि.सं. : २०८३ वैशाख २१ गते सोमबार

निर्णयहरु :-

१. **समिक्षा सम्बन्धमा ।**
काठेखोला गाउँपालिका, गाउँ कार्यपालिकाले यस भन्दा पहिला गरेका निर्णयहरुको समिक्षा गरियो । समिक्षा गर्दा निर्णय कार्यान्वयन भएको र अबस्था सन्तोषजनक रहेको पाईयो ।

२. **जग्गादाताहरुलाई धन्यबाद सम्बन्धमा ।**
काठेखोला गाउँपालिकाको सत्रौ अधिवेशनको तेस्रो वैठकबाट काठेखोला गाउँपालिकाको प्रशासकीय भवन काठेखोला गाउँपालिका वडा नं. ६ सुल्डाँडा (आम्पाटा) मा निर्माण गर्ने निर्णय भए बमोजिम काठेखोला गाउँपालिकाको प्रशासकीय भवनका लागि काठेखोला गाउँपालिका वडा न. ६ सुल्डाँडा बस्ने जग्गादाताहरु क्रमशः गौरी कँडेलले क्षे.फ. ३-६-०-१, पंचकला कँडेलले क्षे.फ. १-७-३-२, लक्ष्मी प्रसाद कँडेलले क्षे.फ. ०-१५-१-० र मान बहादुर के.सी. ले क्षे.फ. ०-३-०-० गरी जम्मा क्षे.फ. ६-०-०-३ भएको जग्गा काठेखोला गाउँपालिका वडा नं. ६ बस्ने वृहस्पति शर्माको नाममा पास गरी वृहस्पति शर्माले आफ्नो नाममा रहेको साविक विहुँकोट गा.वि.स. वडा नं. १ कि.न. ७७८ क्षे.फ. १-७-३-२ पुरै, ऐ.ऐ. को कित्ता नं. ७७९ क्षे.फ. ०-१५-१-० पुरै, ऐ.ऐ. को कित्ता नं. १०६८ क्षे.फ. ०-४-०-१ पुरै, ऐ.ऐ. को कित्ता नं. १०६९ क्षे.फ. २-१०-०-० पुरै र ऐ.ऐ. को कित्ता नं. १५८४ क्षे.फ. ०-११-०-० गरी जम्मा क्षेत्रफल ६-०-०-३ भएको जग्गा काठेखोला गाउँपालिका बागलुङको नाममा स्वामित्व कायम हुने गरी निशुल्क रुपमा पास गरिदिनु भएको हुँदा जग्गा उपलब्ध गराउने उल्लेखित जग्गादाताहरु, गाउँपालिकाको नाममा निशुल्क जग्गा उपलब्ध गराउन सहजिकरण गर्ने जग्गा व्यबस्थापन समिति, निशुल्क जग्गा उपलब्ध गराउने काठेखोला गाउँपालिका वडा नं. ६ बस्ने वृहस्पति शर्मा (वडा नं. ६ का वडा अध्यक्ष) लगाएत काठेखोला गाउँपालिका बागलुङको नाममा स्वामित्व कायम हुने गरी निशुल्क जग्गा उपलब्ध गराउन सहयोग गर्ने सम्बन्धित सबै सरोकारवालाहरुसहित जिल्ला प्रशासन कार्यालय बागलुङ, नापी कार्यालय बागलुङ र मालपोत कार्यालय बागलुङलाई धन्यबाद ज्ञापन गर्ने निर्णय गरियो ।